# कान्तिलोकपथ छपेलीबाट माझखण्ड महारुद्रेश्वर पुगिने केवलकारको शिलान्यास

lalitsandesh.com/detail/234

ललित सन्देश

सोमबार, माघ २१, २०८१ ललित सन्देश



ललितपुर । वागमती गाउँपालिकाको छपेलीबाट माझखण्ड महारुद्रेश्वर पुग्न केवलकार निर्माण हुने भएको छ । केवलकारको सोमबार श्रीपञ्चमीको साइतमा पूर्व अर्थराज्यमन्त्री तथा ललितपुर १ का सांसद उदयसम्सेर राणाले शिलान्यास गर्नुभएको छ । ललितपुरबाट हेटौंडा जोड्ने कान्तिलोकपथको छपेलीबाट माझखण्ड जोडिएपछि महारुद्रेश्वरको दर्शन तथा तराईसम्म एकैठाउँबाट देख्न सकिँदा पर्यटन प्रवद्र्धनमा विशेष योगदान हुने आज आयोजित कार्यक्रममा उपस्थित सरोकारवालाहरुले विचार व्यक्त गर्नुभएको छ ।

माझखण्ड पर्यटन परियोजना अन्तर्गत डेस्टिनेसन माझखण्ड प्रालिले सञ्चालनमा ल्याउन लागेको छपेली माझखण्ड केबुलकार शिलान्यास कार्यक्रममा बोल्दै आज प्रतिनिधिसभा सदस्य राणाले केवलकार निर्माणको योजनालाई बुद्धिमताका साथ अगाडि बढाउन सुझाव दिनुभयो । राणाले यस क्षेत्रको जनजीविका, रहनसहन, कृषि उद्योग र पशुपालन नै आकर्षणको केन्द्र बनाउन सकिने बताउनुभयो ।

बागमती प्रदेशसभा सदस्य मधुसूदन पौडेलले पर्यटन प्रवर्धनका लागि सुरु गरिएको उक्त योजनाको सफलतासँगै ललितपुरको आर्थिक विकासमा ठुलो टेवा पुग्ने बताउनुभयो । नेकपा (माओवादी) केन्द्रका केन्द्रीय सदस्य एवम् ललितपुर इन्चार्ज हरि दाहालले काम गर्न खोज्दा धेरै दुःख र अल्झनहरू आउन सक्ने बताउँदै ललितपुरको रमणीय ठाउँ माझखण्डको मुहार फेर्नमा केबुलकार निर्माणको काम महत्त्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो ।

डेस्टिनेसन माझखण्ड प्रालिका अध्यक्ष गोपाल सञ्जेलले पर्यटन क्षेत्रको विकास र विस्तारका लागि गाउँपालिकासँग समन्वय गरेर काम गर्ने बताउनुभयो । यो केबुलकार नेपालकै पहिलो युरो स्ट्याण्डर्ड सर्टिफाइड हुने पनि कम्पनीले जनाएको छ । आगामी १ वर्ष ६ महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्य कम्पनीको छ ।

© 2025 Lalit Sandesh. All Rights Reserved.

Site by: SoftNEP